**जिल्ला युवा समिति, .......बचत तथा ऋण सहकारी संस्था लि. र ....... युवा उद्यम समूह ..................... बीच उद्यम कार्यक्रम सञ्चालनका लागि भएको त्रिपक्षीय सम्झौता**

जिल्ला युवा समितिको कार्यालय .................. (यसपछि प्रथम पक्ष भनिनेछ) , वित्तीय सेवा प्रदायक **.......** बचत तथा ऋण सहकारी संस्था लि. (यसपछि दोस्रो पक्ष भनिनेछ) र युवा उद्यम समूह ................................ (यसपछि तेस्रो पक्ष भनिनेछ) बीच देहायको शर्त बन्देजहरु तीन वटै पक्षले मञ्जुर गर्ने शर्तमा जिल्लामा युवा उद्यम कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय युवा परिषदबाट छनौट भई आएका उद्यम प्रस्तावहरु मध्ये ................................ उद्यम समूहले पेश गरेको स्वीकृत प्रस्ताव ................................ लाई युवा उद्यम सञ्चालन निर्देशिका २०७३ को दफा ७ , उपदफा (१) बमोजिम प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि यो सम्झौता गरिएको छ ।

**प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

क. युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७३ बमोजिम प्रति समूह रु ५ ,००,००० (अक्षरुपी पाँच लाख) तेस्रो पक्षलाई बिना ब्याज दुई किस्तामा उपलब्ध गराउने ।

ख. उद्यम संचालन भए नभएको वारेमा नियमित रुपमा स्थलगत अनुगमन तथा निरीक्षण गरी दोश्रो र तेस्रो पक्षलाई आवश्यक निर्देशन दिने ।

ग. निर्देशिका बमोजिम ऋण लगानी तथा असुली प्रक्रियामा कुनै विवाद उत्पन्न भएमा वा उद्यमी समूहले लिएको कर्जाको सही सदुपयोग नभएमा विवाद समाधानका लागि सहजीकरण गर्ने ।

घ. दोस्रो वा तेश्रो पक्षले यस निर्देशिका र यस सम्झौता बमोजिम तोकिएको जिम्मेवारी पुरा नगरेमा प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रिया अघि बढाउने ।

ङ. युवा उद्यमी समूहलाई उद्यमशिलता , वित्तीय साक्षरता र अन्य व्यवस्थापकीय तालिमको प्रबन्ध गर्न दोश्रो पक्ष र अन्य निकायसंग समन्वय गरी आवश्यक व्यवस्था गर्ने ।

च. .............................................

**दोश्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

क. युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७३ बमोजिम प्रति उद्यम समूह रु. ५००००० (अक्षरुपी पाँच लाख) सम्म निर्व्याजी ऋण पहिलो पक्षबाट लिई तेस्रो पक्षलाई सरल रुपमा उपलब्ध गराउने ।

ख. तेस्रो पक्षमा लगानी गरिएको ऋण रकम निर्देशिकाले तोके बमोजिमको समयावधिमा किस्ताबन्दीमा असुली गर्ने र सोको विवरण पहिलो पक्षले माग भएको वेला उपलब्ध गराउन सकिने गरी अध्याबधिक गर्ने ।

ग. निर्देशिका बमोजिम ऋण लगानी तथा असुली प्रक्रियामा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि पहिलो पक्षसँग आवश्यक समन्वय गरी विवाद समाधान गर्ने ।

घ. उद्यम संचालन भए नभएको वारेमा नियमित रुपमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने , आवश्यक निर्देशन दिने तथा पहिलो पक्षको सहभागितामा समय समयमा समीक्षा बैठकको आयोजना गरी समस्या समाधानका साथै सुधारका लागि थप योजना बनाई कार्यान्वयन गर्ने ।

ङ. तेस्रो पक्षलाई दोस्रो पक्षको कार्यविधि बमोजिम नियमित बचत तथा लगानीको निम्ति सक्रिय बनाउने ।

च. युवा उद्यमी समूहसंग गरिएको बचत रकम , ऋण तथा अन्य कारोवारको हिसाब किताव चुस्त र अद्यावधिक बनाइ राख्ने । ऋण रकम हिनामिना हुन नदिन सदैव सचेत रहने ।

छ. ऋण लगानी गर्नुपूर्व लगानी भएको ऋण रकमको असुलीको सुनिश्चितताका लागि युवा उद्यम सञ्चालन निर्देशिकासंग नबाझिने गरी आवश्यक व्यवस्था गर्ने ।

ज. ऋण लगानी तथा असुली प्रक्रियाका सम्बन्धमा सरोकारवाला विशेषतः युवा उद्यम समूहहरुको गुनासोको समाधान, कार्य प्रक्रियामा सरलीकरण , एवं सहजीकरण तथा अभिलेख व्यवस्थापन गर्दा प्रथम पक्षसँगको समन्वय र सहकार्यमा अघि बढाउने ।

झ. उत्कृष्ट रुपमा उद्यम सञ्चालन गरेका युवा समूह/संस्थाको विवरण पहिलो पक्षलाई उपलब्ध गराउने

**तेश्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

क. उद्यम सञ्चालन गर्नुपूर्व निर्देशिकाले तोकेबमोजिमको रकम दोस्रो पक्षले तोकेको खातामा जम्मा गर्ने ।

ख. युवा उद्यम निर्देशिका २०७३ बमोजिम उद्यम सञ्चालनका लागि प्राप्त भएको रकम प्रस्तावना बमोजिम तोकिएको क्षेत्रमा लगानी गर्ने ।

ग. निर्देशिका बमोजिम निर्ब्याजी प्राप्त ऋण रकम किस्ताबन्दीमा नियमित रुपमा दोस्रो पक्षमार्फत पहिलो पक्षले तोकेको घुम्तिकोषमा रकम दाखिला गर्ने ।

घ. उद्यम सञ्चालनका क्रममा पहिलो र दोस्रो पक्षसंगको संपर्क र समन्वयमा काम गर्ने ।

ङ. प्रत्येक तीन-तीन महिनामा पहिलो र दोस्रो पक्षलाई प्रगति प्रतिवेदन पेश गर्ने ।

च. निर्देशिकामा उल्लेख भए अनुसार कूल रकमको बीस प्रतिशत (रु एक लाख) रकम बैंक खातामा धरौटीको रुपमा जम्मा गर्ने र उक्त रकम पहिलो र दोस्रो पक्षको अनुमति बिना खर्च नगर्ने । साथै उद्यम समूहले संपूर्ण ऋण रकम चुक्ता गरेपछि मात्र प्रयोग गर्न सक्ने ।

छ. पहिलो पक्षबाट प्राप्त रकमको हिसाव किताव चुस्त रुपमा राख्ने र पहिलो र दोस्रो पक्षले मागेको बेला उपलब्ध गराउने ।

**विविधः**

क. तेस्रो पक्षलाई प्रदान गरिने निर्ब्याजी ऋण असुलीका सम्बन्धमा यदि तेस्रो पक्षले निर्देशिकाले तोकेको समय सीमा भित्र ऋण रकमको किस्ता नबुझाएको खण्डमा दोस्रो पक्षको कार्यविधि अनुसार नियमानुसार हर्जना लिन बाधा पर्नेछैन ।

ख. यस सम्झौतामा उल्लेख भए बमोजिम बाहेक प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने सञ्चालन तथा व्यवस्थापन शुल्क दोश्रो पक्षबाट माग दाबी गरिनेछैन । यसरी माग गरिएमा यसरी माग भएको रकम भुक्तानी दिन पहिलो पक्ष बाध्य हुनेछैन ।

ग. ऋण लगानी भएको रकम असुलीको लागि परिषदले जारी गरेको निर्देशिकाको व्यवस्थासंग नबाझिने गरी व्यवसायको प्रकृतिको आधारमा दोश्रो पक्षले तयार गरेको निर्देशिका बमोजिम हुनेछ ।

घ. युवा उद्यम सञ्चालन निर्देशिका २०७३ तथा यस सम्झौता बमोजिम तोकिएको समय सिमा भित्र ऋण असुली गरी प्रथम पक्षले तोकेको घुम्ति कोषमा रकम फिर्ता गर्ने दायित्व दोश्रो पक्षको हुनेछ । यदि तोकिएको समय भित्र घुम्ती कोषमा रकम जम्मा नभएमा प्रथम र दोस्रो पक्षले प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रिया अघि बढाउन सक्नेछ ।

ङ. यदि तेस्रो पक्षले पेश गरेको प्रस्ताव अनुसार उद्यम सञ्चालन नगरेमा वा किस्ता नबुझाएमा वा आलटाल गरेमा उक्त समुहको किस्ता रकम रोक्का राख्ने वा समूहलाई कालो सूचीमा राख्ने वा सम्झौता र प्रचलित कानून बमोजिम असुल उपर गर्ने अधिकार दोश्रो पक्षलाई हुनेछ ।

च. राष्ट्रिय युवा परिषद्ले अनुगमन गरी तीन वटै पक्षको काम कारवाहीको निरीक्षण गरी कर्जा लगानीको कागजात, निर्णय प्रक्रिया तथा अन्य अभिलेखको निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशनको पालना गर्नु तीन वटै पक्षको कर्तव्य हुनेछ ।

छ. यस सम्झौतामा उल्लेख भएबमोजिमका अतिरिक्त दोस्रो पक्षले थप सेवा शुल्क माग दावी गर्न वा तेस्रो पक्षले थप रकम माग गर्न सक्नेछैन ।

ज. दोस्रो पक्षले लगानी सुरक्षाका लागि युवा उद्यम निर्देशिका २०७३ संग नबाझिने गरी आफ्नै कार्यविधि बनाई लागु गर्ने सक्नेछ ।

झ. दोस्रो पक्षले तेस्रो पक्षमा लगानी गरेको रकम समयमा असुल नभएमा वा उद्यम सञ्चालन नगरी अपचलन गरिएमा वा यो सम्झौता बमोजिमका अन्य काम नभएमा दोस्रो पक्षले प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाउन सक्नेछ ।

ञ. यस सम्झौतामा उल्लेख भएका विषयहरु युवा उद्यम सञ्चालन निर्देशिका र यसै सम्झौता बमोजिम हुनेछन् ।अन्य पक्षको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

ट. यस सम्झौतामा दुबै पक्षको सहभागिता र समन्वयमा निर्देशिकासंग नबाझिने गरी आवश्यक थपघट वा संशोधन गर्न सकिनेछ ।

ठ. उद्यम सञ्चालन सम्बन्धी कुनै पनि किसिमको समस्या , बाधा व्यवधान फुकाउने वा सो सम्बन्धी निर्णय गर्ने संपूर्ण अधिकार राष्ट्रिय युवा परिषदमा रहनेछ । परिषदको निर्णय नै अन्तिम हुनेछ ।

ठ. यो सम्झौता दुबै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागु हुनेछ ।

**उपर्युक्त शर्तहरुमा मञ्जुरी भई सम्झौतामा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिहरु**

| पहिलो पक्ष जियुस ........को तर्फबाट | दोस्रो पक्ष ......................को तर्फबाट | तेस्रो पक्ष ......................को तर्फबाट |
|---|---|---|
| हस्ताक्षर ................... | हस्ताक्षर ................... | हस्ताक्षर ................... |
| नामथरः ..................... | नामथरः ..................... | नामथरः ..................... |
| पदः ....................... | पदः ....................... | पदः ....................... |
| मितिः ...................... | मितिः ...................... | मितिः ...................... |
| रोहोबरः<br>हस्ताक्षरः ................<br>नामथरः.................<br>पदः ..................<br>मितिः .................... | रोहोबरः<br>हस्ताक्षरः ................<br>नामथरः.................<br>पदः ..................<br>मितिः .................... | रोहोबरः<br>हस्ताक्षरः ................<br>नामथरः.................<br>पदः ..................<br>मितिः .................... |
| कार्यालयको छाप | वित्तीय सेवा प्रदायक संस्थाको छाप | युवा उद्यम समूहको छाप |